# गौरीगङ्गा राजपत्र

गौरीगङ्गा नगरपालिकाद्वारा प्रकाशित

खण्ड १० चौमाला, कैलाली असार १४ गते, आईतबार २०८३ साल, (संख्या १४)


स्वीकृत मिति २०८३।०४।१४

## गौरीगंगा नगरपालिकाको चिकित्सक तथा विशेषज्ञ चिकित्सक प्रोत्साहन सुविधा सम्बन्धी कार्यविधि, २०८३

**प्रस्तावना**

गौरीगंगा नगरपालिका अन्तर्गत सञ्चालित नगर अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य संस्थाहरूबाट प्रवाह हुने स्वास्थ्य सेवालाई गुणस्तरीय, प्रभावकारी, पहुँचयोग्य र नियमित बनाउन, चिकित्सक तथा विशेषज्ञ चिकित्सकहरूको मनोबल उच्च राख्न, स्थानीय तहमा चिकित्सकको सेवा निरन्तरता कायम गर्न र सेवाग्राहीलाई स्थानीय स्तरमै विशेषज्ञ तथा आधारभूत चिकित्सकीय सेवा उपलब्ध गराउन आवश्यक भएकाले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम गौरीगंगा नगरपालिकाले यो कार्यविधि बनाएको छ।

### परिच्छेद–१

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भ**

१.१ यस कार्यविधिको नाम **"गौरीगंगा नगरपालिकाको चिकित्सक तथा विशेषज्ञ चिकित्सक प्रोत्साहन सुविधा सम्बन्धी कार्यविधि, २०८३"** रहेको छ।

१.२ **"यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ "**

गौरीगंगा राजपत्र

## २. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) **"नगरपालिका"** भन्नाले गौरीगंगा नगरपालिकालाई सम्झनुपर्छ।

ख) **"नगर कार्यपालिका"** भन्नाले गौरीगंगा नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्छ।

ग) **"अस्पताल/स्वास्थ्य संस्था"** भन्नाले गौरीगंगा नगरपालिका अन्तर्गत सञ्चालित नगर अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी वा तोकिएको स्वास्थ्य संस्थालाई सम्झनुपर्छ ।

घ) **"चिकित्सक"** भन्नाले नेपाल मेडिकल काउन्सिलमा दर्ता भई गौरीगंगा नगरपालिका अन्तर्गतको स्वास्थ्य संस्थामा कार्यरत मेडिकल अधिकृत वा सो सरहका चिकित्सकलाई सम्झनुपर्छ ।

ङ) **"विशेषज्ञ चिकित्सक"** भन्नाले नेपाल मेडिकल काउन्सिलमा विशेषज्ञ चिकित्सकको रूपमा दर्ता भई MD/MS/MDGP वा सो सरहको योग्यता प्राप्त गरी नगरपालिका अन्तर्गतको स्वास्थ्य संस्थामा कार्यरत चिकित्सकलाई सम्झनुपर्छ।

च) **"प्रोत्साहन सुविधा"** भन्नाले चिकित्सक वा विशेषज्ञ चिकित्सकलाई नियमित तलब बाहेक उपलब्ध गराइने अतिरिक्त आर्थिक वा गैर-आर्थिक सुविधा सम्झनुपर्छ।

छ) **"ई-हाजिरी"** भन्नाले चिकित्सकको उपस्थितिको प्रमाणका लागि प्रयोग गरिने विद्युतीय हाजिरी प्रणालीलाई सम्झनुपर्छ।

ज) **"MSS"** भन्नाले स्वास्थ्य संस्थाको न्यूनतम सेवा मापदण्ड मूल्याङ्कनलाई सम्झनुपर्छ।

## परिच्छेद—२

## प्रोत्साहन सुविधाको व्यवस्था

## ३. प्रोत्साहन सुविधा प्रदान गर्नुको उद्देश्य

यस कार्यविधिका उद्देश्यहरू देहाय बमोजिम हुनेछन्:

क) चिकित्सक तथा विशेषज्ञ चिकित्सकलाई स्थानीय तहमा सेवा गर्न उत्प्रेरित गर्ने।

ख) नगरपालिकाभित्र चिकित्सकीय सेवा नियमित, गुणस्तरीय र सेवाग्राहीमैत्री बनाउने।

ग) नगर अस्पताल तथा स्वास्थ्य संस्थामा चिकित्सकहरुको आकर्षण बढाउन ।

घ) अनावश्यक Referral कम गरी स्थानीय स्तरमै उपचार सेवा विस्तार गर्ने।

ङ) चिकित्सकको उपस्थिति, सेवा प्रवाह, रेकर्डिङ/रिपोर्टिङ र जिम्मेवारीलाई प्रोत्साहन सुविधासँग जोड्ने।

## ४. प्रोत्साहन सुविधा पाउने व्यक्ति

यस कार्यविधि अनुसार देहायका चिकित्सकले प्रोत्साहन सुविधा पाउन सक्नेछन्ः

क) नगरपालिकामा स्थायी रूपमा कार्यरत चिकित्सक।

ख) करार सेवामा कार्यरत चिकित्सक।

ग) विशेषज्ञ चिकित्सक।

घ) नगरपालिकाले आवश्यकताको आधारमा नियुक्त गरेका चिकित्सक वा विशेषज्ञ चिकित्सक।

## ५. प्रोत्साहन सुविधाको प्रकार तथा बजेट सीमा

गौरीगंगा नगरपालिकाले चिकित्सक तथा विशेषज्ञ चिकित्सकलाई उपलब्ध बजेट, सेवा आवश्यकता, नियमित उपस्थिति, कार्यसम्पादन र सेवा निरन्तरताको आधारमा देहाय बमोजिम सेवा सुविधा तथा प्रोत्साहन भत्ता उपलब्ध गराउन सक्नेछ।

### ५.१ मासिक सेवा सुविधा तथा प्रोत्साहन प्याकेज

क) मेडिकल अधिकृत/चिकित्सकलाई तलब बाहेक सेवा सुविधा तथा प्रोत्साहन भत्ता बापत **प्रति चिकित्सक मासिक अधिकतम रु. ४०,०००। (अक्षरेपी रु चालिस हजार मात्र)सम्म** उपलब्ध गराउन सकिनेछ।

ख) विशेषज्ञ चिकित्सकलाई तलब बाहेक सेवा सुविधा तथा प्रोत्साहन भत्ता बापत **प्रति विशेषज्ञ चिकित्सक मासिक अधिकतम रु. १,५०,००० (अक्षरेपी रु एक लाख पचास हजार मात्र) सम्म** उपलब्ध गराउन सकिनेछ।

ग) उक्त रकमभित्र प्रोत्साहन रकम, आवास खर्च ,इन्धन/यातायात खर्च तथा सेवा निरन्तरता प्रोत्साहन समावेश भएको मानिनेछ।

घ) स्वास्थ्य संस्थामा पूर्णकालीन रूपमा कार्यरत चिकित्सकले संस्थाको पूर्वस्वीकृतिबिना निजी स्वास्थ्य संस्था, क्लिनिक वा अन्य कुनै स्थानमा निजी चिकित्सकीय अभ्यास (Private Practice) नगर्ने लिखित प्रतिबद्धता गरेमा, प्रचलित कानुन तथा संस्थाको आर्थिक क्षमताको अधीनमा रही नन-प्र्याक्टिस भत्ता उपलब्ध गराईनेछ ।

ङ) स्वीकृत मासिक सीमा भन्दा बढी हुने गरी कुनै पनि थप सुविधा वा दोहोरो सेवा सुविधा भुक्तानी गरिने छैन।

### ५.२ मेडिकल अधिकृत/चिकित्सकको थप सुविधा सम्बन्धी बिबरण

गौरीगंगा राजपत्र

मेडिकल अधिकृत/ चिकित्सकलाई मासिक अधिकतम रु. ४०,०००। **(अक्षरेपी रु चालिस हजार मात्र)** सम्म देहाय अनुसार सुविधा दिन सकिनेछः

| सुविधा शीर्षक | मासिक अधिकतम रकम |
|---|---|
| खाजा खाना सुविधा | रु. १०,००० |
| आवास सुविधा | रु. १०,००० |
| इन्धन/यातायात सुविधा | रु. १०,००० |
| नन-प्राक्टिस भत्ता | रु. १०,००० |
| **जम्मा** | **रु. ४०,०००** |

## ५.३ विशेषज्ञ चिकित्सकको सुविधा वितरण

विशेषज्ञ चिकित्सकलाई मासिक अधिकतम रु. १,५०,०००।**(अक्षरेपी रु एक लाख पचास हजार मात्र)**सम्म देहाय अनुसार सुविधा दिन सकिनेछ :

| सुविधा शीर्षक | मासिक अधिकतम रकम |
|---|---|
| विशेषज्ञ सेवा प्रोत्साहन भत्ता | रु. ५०,०००। |
| खाजा खाना सुविधा | रु. २०,०००। |
| आवास सहयोग | रु. २०,०००। |
| इन्धन/यातायात सहयोग | रु. १०,०००। |
| नन-प्राक्टिस भत्ता | रु. ५०,०००। |
| **जम्मा** | **रु. १,५०,०००।** |

## ५.४ आवास सुविधा सम्बन्धी व्यवस्था

क) नगरपालिकाको स्वास्थ्य संस्थामा नियमित सेवा गर्ने सबै चिकित्सकलाई आवास सहयोग उपलब्ध गराउन सकिनेछ।

ख) नगरपालिकाले आवास उपलब्ध गराएको अवस्थामा छुट्टै आवास भत्ता उपलब्ध गराइने छैन।

## ५.५ इन्धन / यातायात सुविधा

क) चिकित्सक तथा विशेषज्ञ चिकित्सकलाई आवश्यकता अनुसार इन्धन/यातायात सहयोग उपलब्ध गराउन सकिनेछ।

ख) फिल्ड भ्रमण, आकस्मिक सेवा, Referral Coordination वा Emergency Response मा खटिएको अवस्थामा पनि यातायात सुविधा माथि उल्लेखित मासिक सीमा भित्रै समावेश गरिनेछ।

**परिच्छेद—३**

गौरीगंगा राजपत्र

## प्रोत्साहन सुविधा प्राप्त गर्ने आधार

### ६. प्रोत्साहन सुविधा प्राप्त गर्नुपर्ने न्यूनतम आधार

चिकित्सक तथा विशेषज्ञ चिकित्सकले प्रोत्साहन सुविधा पाउन देहायका आधार पूरा गर्नुपर्नेछ :

क) नियमित हाजिरी / बिधुतिय हाजिरीमा हाजिर भएको हुनुपर्ने।

ख) नियमित रुपमा सेवा प्रवाह गरेको हुनुपर्ने।

ग) नियमित रुपमा आफ्नो ड्युटी रोस्टर अनुसार **O.P.D. , Emergency,** Ward Round वा तोकिएको जिम्मेवारी अनुसार सेवा गरेको हुनुपर्ने ।

घ) बिरामी परीक्षण, उपचार, Referral, Discharge लगायतका विवरण रजिस्टर/HMIS मा अद्यावधिक भएको / गरेको हुनुपर्ने छ।

ङ) सेवाग्राहीसँग शिष्ट, नम्र र सेवाभावको व्यवहार गरेको हुनुपर्ने।

च) थप प्रोत्साहन सुविधा पाउने चिकित्सक तथा स्वास्थ्यकर्मीहरुलाई सम्बन्धित कार्यलयबाट वा अन्य कार्यलयबाट थप अन्य कुनै प्रकारको प्रोत्साहन सुविधा दिईने छैन तर सम्बन्धित स्वास्थ्य संस्थाबाट सेवा प्रवाहका आधारमा दिईने जोखिम भत्ता / सेवा प्रवाहको प्रोत्साहन सुविधा दिन यस कार्यविधिले बाधा पुर्याउने छैन ।

छ) स्वास्थ्य संस्थामा गर्नु पर्ने सम्पुर्ण अभिलेखिकरणको कार्य समेत नियमानुसार गर्नु पर्नेछ ।

ज) Prescription मा चिकित्सकको नाम, NMC number र हस्ताक्षर/छाप स्पष्ट हुने गरी सेवा प्रदान गर्नु पर्नेछ छाप को व्यवस्था कार्यालयले गर्नु पर्ने छ ।

झ) मासिक सेवा प्रतिवेदन स्वास्थ्य संस्था प्रमुख / अस्पताल प्रमुख वा स्वास्थ्य शाखामा पेश भएको हुनुपर्ने।

ञ) संस्थाप्रमुखले खटाएको तथा तोकिएको जिम्मेवारी पुरा गरी मासिक हाजिरी उतार प्रमाणीत गरी पठाएको हुनु पर्ने ।

### ७. प्रोत्साहन सुविधा नपाउने अवस्था ।

देहायको अवस्थामा चिकित्सक वा विशेषज्ञ चिकित्सकले प्रोत्साहन सुविधा पाउने छैनन् ।

क. मासिक रुपमा नियमितरुपमा कार्यालयमा हाजिरभै कार्य गरेको हुनु पर्नेछ ।

ख. महिनामा कम्तिमा १५ कार्यदिन भन्दा बढी अनुपस्थिती भएको अवधिमा थप सुविधा उपलव्ध गराईने छैन।

ग. मासिक हाजिरी प्रमाणित नभएको अवस्थामा थप सुविधा उपलव्ध गरिने छैन।

घ. नगरपालिकाको सिफारीस तथा सहमतिमा समावेश भएको काज वा तालिममा बाहेकका तालिमा गोष्ठि तथा सेमिनारमा समावेश भएको अवधिको थप सुविधा उपलव्ध गराईने छैन।

ङ. सेवाग्राहीसँग दुर्व्यवहार गरेको प्रमाणित भएमा समेत थप सुविधा उपलव्ध गराईनेछैन।

च. झुटा विवरण पेश गरी सुविधा लिन खोजेमा समेत सुविधा उपलव्ध गराईनेछैन।

छ. ड्युटी रोस्टर अनुसार सेवा नगरेमा समेत थप सुविधा उपलव्ध गराईने छैन।

ज. निजी अभ्यास नगर्ने सुविधा लिई निजी अभ्यास गरेको पाइएमा समेत थप सुविधा उपलव्ध गराईने छैन।

झ. सरकारी वा अन्य स्रोतबाट समान प्रकृतिको सुविधा लिई दोहोरो भुक्तानी हुने अवस्था भएमा समेत थप सुविधा उपलव्ध गरीने छैन।

ञ. कार्यालय प्रमुख वा नगरपालिकाको निर्देशन पालना नगरेमा समेत थप सुविधा प्रदान गरीनेछैन ।

**परिच्छेद—४**

**भुक्तानी प्रक्रिया**

**८. भुक्तानीका लागि आवश्यक कागजात**

प्रोत्साहन सुविधा भुक्तानीका लागि देहायका कागजात आवश्यक पर्नेछन्:

क. प्रमाणित हाजिरी विवरण।

ख. ड्युटीमा खटाएको वा खटिएको भएमा डिउटी रोस्टर।

ग. मासिक सेवा प्रतिवेदन।

घ. OPD/Emergency/Ward/Referral/Discharge हरुको अभिलेख विवरण।

ङ. अस्पताल / स्वास्थ्य सस्था प्रमुख वा स्वास्थ्य शाखा प्रमुखको सिफारिस।

**९. भुक्तानी गर्ने निकाय ।**

क. प्रोत्साहन सुविधा सम्बन्धित अस्पताल/स्वास्थ्य संस्था वा नगरपालिकाको स्वीकृत बजेट शीर्षकबाट उपलब्ध गराइनेछ।

ख. आन्तरिक आम्दानी भएको अस्पताल/स्वास्थ्य संस्थाको हकमा आन्तरिक स्रोतबाट पनि भुक्तानी गर्न सकिनेछ।

ग. नियमानुसार कर लाग्ने भुक्तानीका हकमा कर कट्टी गरी बैंक खातामार्फत भुक्तानी गरिनेछ।

**परिच्छेद—५**

**अनुगमन, मूल्याङ्कन र कारबाही**

**१०. अनुगमन**

गौरीगंगा राजपत्र

क. नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, स्वास्थ्य शाखा प्रमुख वा तोकिएको अधिकारीले समय-समयमा अनुगमन गर्न सक्नेछन्।

ख. अनुगमन गर्दा चिकित्सकको हाजिरी, सेवा प्रवाह, बिरामी अभिलेख, सेवाग्राही गुनासो र प्रतिवेदन हेर्न सकिनेछ।

**११. झुटा विवरण पेश गरेमा कारबाही गरीने ।**

क. झुटा विवरण पेश गरी प्रोत्साहन सुविधा लिएको पाइएमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

ख. झुटा विवरण प्रमाणित गर्ने कर्मचारी वा कार्यालय प्रमुखलाई समेत प्रचलित कानून बमोजिम कारबाही गर्न सकिनेछ।

ग. आवश्यक परेमा सम्बन्धित काउन्सिल वा निकायमा सिफारिस गर्न सकिनेछ।

## परिच्छेद - ६

**विविध**

**१२. तोकिएको प्रोत्साहन सुविधाहरु दोहोरो रुपमा लिन / दिन नहुने**

यस कार्यविधि बमोजिम उपलब्ध हुने प्रोत्साहन सुविधा अन्य कुनै स्रोतबाट उपलब्ध समान प्रकृतिको सुविधा सँग दोहोरो पर्ने गरी भुक्तानी गरिने छैन।

**१३. बजेटको व्यवस्था**

यस कार्यविधि कार्यान्वयनका लागि आवश्यक बजेट नगरपालिकाको वार्षिक कार्यक्रम, अस्पताल / स्वास्थ्य संस्थाको आन्तरिक आम्दानी, प्रदेश/संघीय सहयोग वा अन्य स्वीकृत स्रोतबाट व्यवस्था गर्न सकिनेछ।

**१४. संशोधन तथा खारेजी**

यस कार्यविधिलाई आवश्यकता अनुसार संशोधन, परिमार्जन वा खारेज गर्ने अधिकार गौरीगंगा नगर कार्यपालिकामा रहनेछ।

**१५. बाधा अड्काउ फुकाउने**

गौरीगंगा राजपत्र

यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाको निर्णय बमोजिम बाधा अड्काउ फुकाउन सकिनेछ।

**१६. संशोधन**

यस कार्यविधिलाई **आवश्यकता अनुसार नगर कार्यपालिकाले प्रचलित कानून बमोजिम संशोधन, थपघट वा परिमार्जन गर्न सक्नेछ।**

**अनुसूची -१**

**सेवा प्रदान गरेको प्रतिवेदन फारम**

**गौरीगंगा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**स्वास्थ्य शाखा / सम्बन्धित स्वास्थ्य संस्था**

**चिकित्सक/विशेषज्ञ चिकित्सक प्रोत्साहन सुविधा प्रतिवेदन फारम**

नामः ........................................
पदः ........................................
तहः ........................................
विशेषज्ञताः ........................................
सेवाको प्रकारः स्थायी / करार / छात्रवृत्ति करार
महिनाः ........................................

| क्र.सं. | सेवा विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | OPD सेवा | | |
| २ | Emergency सेवा | | |
| ३ | Ward round | | |
| ४ | Admission | | |
| ५ | Referral | | |
| ६ | Discharge | | |
| ७ | Procedure/operation | | |
| ८ | HMIS/reporting completed | | |

गौरीगंगा राजपत्र

| | | | |
|---|---|---|---|
| ९ | सेवाग्राही गुनासो | | |
| १० | USG सेवा | | |
| ११ | ECG सेवा | | |
| १२ | अन्य सेवा | | |

तयार गर्नेः .........................
मितिः .........................

प्रमाणित गर्नेः .........................
मितिः .........................

गौरीगंगा राजपत्र

आज्ञाले
भक्तराज जोशी
प्रमुख प्रशासकीय अधिकृत